आज मिति २०७८।२।३० गते झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री श्रवणकुमार तिमिल्सिनाज्यूको संयोजकत्वमा जिल्ला कोभिड व्यवस्थापन समिति DCMC (District Covid Management Committee) को बैठक बसी देहायका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

प्रमुख जिल्ला अधिकारी, श्री श्रवण कुमार तिमिल्सिना, जिल्ला प्रशासन कार्यालय, झापा

सहायक प्रमुख जिल्ला अधिकारी, श्री तिलोचन रिमाल, जिल्ला प्रशासन कार्यालय, झापा

प्रमुख सेनानी, श्री अमरजङ्ग थापा, श्री नयाँ श्रीनाथ गण, चारआली, झापा

प्रहरी उपरिक्षक, श्री सानुराम भट्टराई, जिल्ला प्रहरी कार्यलय, झापा

सशस्त्र प्रहरी उपरिक्षक, श्री रमेशकुमार पाण्डे, सशस्त्र प्रहरी बल, २ नं. गण हे.क्वा, झापा

उप-अनुसन्धान निर्देशक, श्री तिलक शर्मा प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापा

प्रमुख मेडीकल सुपरीटेन्डेन्ट डा., श्री टंकप्रसाद बारकोटी, मेची अस्पताल, झापा

नि. जिल्ला समन्वय अधिकारी, श्री भानुभक्त भट्टराई, जिल्ला समन्वय समितिको कार्यालय, झापा

आमन्त्रित

नि. कार्यालय प्रमुख, श्री इश्वरी पौडेल, स्वास्थ्य कार्यालय, झापा

कार्यक्रम अधिकृत, श्री जीवन चौलागाँई, स्वास्थ्य कार्यालय, झापा

सभापति, श्री लोकराज ढकाल, नेपाल रेडक्रस सोसाइटी, झापा शाखा

अध्यक्ष, टीकाराज ढकाल, प्रदेश उद्योग वाणिज्य संघ प्रदेश नं १

निर्णयहरु:-

नयाँ भेरियन्टको कोभिड-१९ को संक्रमणको दर यस जिल्लामा घटदो क्रममा रहेको भएतापनि संक्रमणको जोखिम रहिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार मन्त्रीपरिषद्को निर्णय, कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ को दफा ४, संक्रमण रोग ऐन २०२० को दफा २ र स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।२।३१ देखि मिति २०७८।३।७ गते सम्म झापा जिल्लाभर देहाय अनुसार निशेधाज्ञा जारी गर्ने ।

देहाय :-

१. सर्वसाधारणका लागि:-

क. औषधि खरिद, उपचार तथा अति आवश्यक कामका लागि बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने ।

ख. खाद्यान्न, फलफुल, तरकारी, माछामासु, दुध डेरी, पुस्तक, हार्डवेयर पसल विहान ०६:०० बजे देखि १०:०० बजे सम्म खोल्न पाईने भएकोले खाद्य पदार्थ लगायत अन्य सामाग्री खरिद गर्न निस्कदा अनिवार्य मास्कको प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने र कुनै पनि भिडभाड नगरी स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने ।

ग. हाट बजार, मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कार्य नगर्ने नगराउने ।

घ. Covid-19 को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहको Isolation Center मा सम्पर्क राख्ने ।

२. कार्यालय संचालन सम्बन्धमाः-

क. अत्यावश्यक सेवा सञ्चालन गर्ने बाहेकका सरकारी कार्यालय, सार्वजनिक संस्थान, बीमा लगायतका कार्यालयहरुले सेवा स्थगन गर्ने र त्यस्ता कार्यालयमा न्युनतम कर्मचारी मात्र उपस्थित भई कार्यालयको आन्तरिक प्रशासन सञ्चालन गर्ने ।

ख. सरकारी, सार्वजनिक कार्यालयका कर्मचारीहरुले कर्मचारी परिचय-पत्रका आधारमा बिहान ९:०० बजे देखि १०:०० बजे सम्म तथा बेलुकी ५:०० बजे देखि ६:०० सम्म मात्र सरकारी तथा निजी सवारी साधनमा आवतजावत गर्न पाउने ।

ग. अत्यावश्यक सेवा सञ्चालन गर्ने कार्यालयका कर्मचारीहरुको हकमा कर्मचारी परिचय-पत्रका आधारमा सरकारी तथा निजी सवारी साधनमा आवश्यकता अनुसार आवतजावत गर्न पाउने ।

३. बैंक/वित्तीय संस्था सम्वन्धमाः-

क. बैंक तथा वित्तिय संस्थाहरुले बैंकिङ्ग कारोबार न्युनतम कर्मचारीको उपस्थितिमा स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी/गराई सञ्चालन गर्ने । साथै ATM Outlet हरु २४ सै घण्टा संचालन हुने व्यवस्था मिलाउने ।

ख. सहकारी संस्थाहरुले घर, पसल तथा समूहमा गई बचत रकम संकलन गर्ने कार्य हाललाई स्थगित गर्ने ।

४. पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमाः-

क. औषधी र स्वास्थ्य सामाग्री, ईन्धन (पेट्रोल/डिजल स्टेसन, LP Gas) बाहेक अन्य व्यवसाय पुर्ण रुपमा बन्द गर्ने।

ख. खाद्यान्न, फलफुल, तरकारी, माछामासु, दुध डेरी, पुस्तक, हार्डवेयर पसल विहान ६:०० बजे देखी विहान १०:०० बजे सम्म सञ्चालन गर्न पाईने । माथि उल्लेखित पसलहरु सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने/गराउने, सो को प्रभावकारी अनुगमन सम्वन्धित स्थानीय तह, स्थानीय उद्योग वाणिज्य संघ तथा स्थानीय प्रहरी ईकाईहरुले गर्ने ।

ग. मलखाद, विउ विजन, कुखुराका चल्ला, दाना, पशुपन्क्षीका आहार सम्वन्धी पसल स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी विहान १०:०० बजे देखी दिउसो ५:०० बजे सम्म सञ्चालन गर्न पाईने ।

घ. मोटर वर्कशपहरुले स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी न्युनतम कामदारहरुको उपस्थितिमा विहान ११:०० बजे देखी दिउसो २:०० बजे सम्म सञ्चालन गर्न पाउने ।

ङ. औषधी पसल तथा अत्यावश्यक सेवा सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड पुर्ण रुपमा पालना गर्ने ।

च. सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्यूटी पार्लर, जीमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना, आदि बन्द गर्ने ।

५. सवारी साधन सञ्चालन सम्बन्धमाः-

क. अत्यावश्यक सेवाहरु बाहेकका सबै प्रकारका सार्वजनिक एवं निजी सवारी साधन मिति २०७८ जेठ ३१ गते राती १२:०० बजे देखि २०७८ असार ७ गते राती १२:०० बजेसम्म झापा जिल्ला भर सञ्चालनमा पूर्ण रुपले रोक लगाउने।

ख. अत्यावश्यक सेवा-संचालन गर्ने नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तिय संस्थामा कार्यरत कर्मचारीले प्रयोग गर्ने सरकारी तथा निजी सवारी साधनको हकमा कार्यालयले जारी गरेको कर्मचारी परिचय पत्रको आधारमा विहान ९:०० बजे देखि १०:०० बजे सम्म तथा बेलुकी ५:०० बजे देखि ६:०० सम्म सञ्चालन गर्न पाईने ।

ग. अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, ईन्धन तथा लुब्रिकेन्ट, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध, तथा दुधजन्य पदार्थ, मलखाद, विउ विजन, कुखुराका चल्ला, दाना, पशुपन्क्षीका आहार बोकेको सवारी साधन, बैङ्, वित्तीय संस्था, रेडक्रस, दुरसञ्चार, विद्युत, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाँकसेवा, ढुवानी लगायतका सवारी साधनहरु विषय उल्लेख गरी सञ्चालन गर्न पाईने ।

घ. यस जिल्लाबाट अन्य जिल्लाको लागि खाद्यान्न लगायतका अन्य सामाग्री ढुवानि गर्ने सवारी साधनहरु सञ्चालन गर्न पाईने ।

६. उद्योग, कल-कारखाना र विकास निर्माण कार्य सञ्चालन सम्वन्धमाः-

क. उद्योग तथा कलकारखाना सञ्चालन गर्दा सकेसम्म थोरै जनशक्तिबाट सञ्चालन गर्ने र त्यस्ता जनशक्तिलाई खान र बस्ने सुविधा उद्योग परिसर भित्रै मिलाउने, छुट्टै क्वारेनटाइनको व्यवस्था सम्वन्धित उद्योगले मिलाउने।

ख. राष्ट्रिय गौरव तथा महत्वका आयोजना/परियोजना र अति आवश्यक विकास निर्माण कार्यका लागि कामदारहरुलाई खाने बस्ने व्यवस्था सम्वन्धित आयोजनाले निर्माणस्थलमा नै मिलाई स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

ग. विकास निर्माण संग सम्वन्धित सामाग्रीहरु ढुवानी गर्ने सवारी साधनहरु बेलुकी ७:०० बजे देखी विहान ६:०० बजे सम्म सञ्चालन गर्न पाईने ।

घ. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन भएका विकास निर्माण कार्यका लागि निर्माण सामाग्री बोक्ने/बोकेका सवारी साधनलाई सम्वन्धित आयोजना/निकायको पत्रको आधारमा आवतजावत गर्न पाईने ।

ङ. हार्डवेयर पसल विहान ६:०० बजे देखी विहान १०:०० बजे सम्म खोल्न पाईने । अन्य समयमा निर्माण सामाग्री आवश्यक पर्ने भएमा सम्वन्धित स्थानीय तह वा स्थानीय ,उद्योग वाणिज्य संघ संग समन्वय गरी गोदामबाट मात्र उपलब्ध गराउने ।

७. विवाह तथा मृत्यु संस्कार सम्बन्धमाः-

क. विवाहको लागि बढीमा १० जनासम्म जन्ति जान आउन दुलाहा दुलही सहित २ बटा सवारी साधनमा ५/५ जना सम्म ब्यानर राखेर प्रयोग गरी जिल्ला भित्र वा अन्य जिल्लामा आवत जावत गर्नु पर्दा अनुमति आवश्यक नपर्ने।

ख. मृत्यु संस्कार, विरामी कुरुवाको रुपमा अनिवार्य सहभागि हुनु पर्ने व्यक्तिले अन्य जिल्लामा जानु पर्दा सम्बन्धित व्यक्तिले उक्त व्यहोरा खुल्ने कागजात (निवेदन, अस्पतालको कागजात वा सम्बन्धित स्थानीय तहको सिफारिश) सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिका लागि निवेदन पेश गर्नु पर्ने ।

८. सीमा नाका सम्बन्धमाः-

क. सीमा नाका काँकडभिट्टाबाट विदेशी नागरिकको प्रवेश स्थगन गर्ने । आपूर्ति प्रणाली सुचारु राख्न काँकडभिट्टा सीमा नाका यथावत सञ्चालन गर्ने । आपूर्ति प्रणाली सम्बद्ध ढुवानी साधनका चालक र सहचालकलाई स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने गरी आवत जावत गर्न दिइने ।

ख. काँकरभिट्टा नाका बाहेक अन्य नाका तथा गौडाबाट नेपाल प्रवेशलाई पुर्ण रोक लगाउने ।

ग. काँकडभिट्टा नाकाबाट प्रवेश गर्ने नेपाली नागरिकहरुको अभिलेख राख्ने, एन्टिजेन परीक्षण गर्ने, परीक्षणबाट पोजिटिभ देखिएकालाई आवश्यकता अनुसार नजिकको आइसोलेसन केन्द्र वा मेची अस्पतालमा थप उपचार गराउने, नेगेटिभ देखिएकालाई आवश्यक समन्वय गरी निजको गन्तव्यमा पठाउने व्यवस्था मिलाउने । यसको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउने।

९. सभा सम्मेलनको हकमाः-

क. सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमिनार लगायतका कार्यहरुको संचालनमा रोक लगाउने।

१०. विविधः-

क. सञ्चारकर्मी/पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना विभागले जारी गरेको परिचय पत्र वा सम्बन्धित संचार गृह वा पत्रकार महासंघको परिचयपत्रको आधारमा आवत जावत गर्न दिने ।

ख. अत्यावश्यक उपयोग्य वस्तु वा सेवाको आपूर्तिमा कृतिम अभाव सिर्जना गर्ने, मूल्य वृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कडा कारवाही गर्ने।

ग. अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हकमा हवाई टिकट, राहदानी, भिषा लगायतका कागजातका आधारमा सम्बन्धित व्यक्ति र निजले प्रयोग गर्ने सवारी साधनलाई यात्रा सहजीकरण गरिने ।

११. नेपाल रेडक्रस सोसाईटी, झापा शाखा मार्फत काँकरभिट्टा नाकामा भारतबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरुलाई मध्येनजर गरी Covid Response Project अन्तर्गत निम्न सेवाहरु सञ्चालन गर्ने जानकारी प्राप्त भएकोले यथासक्य चाँडो सञ्चालन गर्न नेपाल रेडक्रस सोसाईटी, झापा शाखालाई अनुरोध गर्ने ।

क. २४ सै घण्टा निःशुल्क एम्बुलेन्स सेवा ।

ख. स्वमंसेवक सहितको Help Desk स्थापना तथा संचालन ।

ग. विद्युतिय सूचना पाटी जडान ।

घ. सरसफाई सम्वन्धी सेवाहरु ।

ङ. सुरक्षित स्तनपान केन्द्रको निर्माण ।

च. Holding Center व्यवस्थापन तथा निसंक्रमण गर्नको लागि सहयोग ।

छ. जनचेतनामुलक सामाग्री प्रशारण (पत्रपत्रिका, एफ.एम. तथा माईकिङ्ग), मास्क वितरण ।

ज. Isolation Center मा सहयोग तथा मनासामाजिक परामर्श सेवा प्रदान ।

१२. मेची अस्पतालमा लामो समयदेखी मेडिकल सुपरिटेण्डेन्टको रुपमा कार्यरत रही मिति २०७८।२।२६ देखी अनिवार्य अवकाश हुनु भएका यस समितिका सदस्य डा. पिताम्वर ठाकुरले समितिमा रही कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणमा उत्कृष्ट भुमिका निर्वाह गर्नु भएकोले वहाँको उच्च सम्मान गर्दै उज्वल भविस्यको कामना सहित धन्यवाद ज्ञापन गर्ने र उक्त अस्पतालमा मेडिकल सुपरिटेण्डेन्ट नियुक्त भई आउनु भएका डा. टंकप्रसाद बारकोटीलाई हार्दिक बधाई तथा शुभकामना सहित यस समितिमा स्वागत गर्ने ।